म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक १०५ आइतबार ११ मंसिर २०७९ ने. सं. ११४३ थिंलाथ्व 27 November, 2022 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## ३६ जनाद्वारा रक्तदान

हेटौंडा, १० मंसिर/४ शनिबार हेटौंडामा ३६ जनाले रक्तदान गरेका छन् । आनन्द मार्ग प्रचारक संघ नेपाल तथा आमसाई स्कुल हेटौंडाको संयुक्त आयोजनामा हेटौंडा-४, कर्राचोकमा भएको रक्तदान कार्यक्रममा ३६ जनाले रक्तदान गरेका हुन् । हेटौंडामा रगतको अभाव भइरहेको अवस्थामा रक्तदान कार्यक्रमको आयोजना गरिएको हो । रक्तसञ्चार केन्द्र हेटौंडाको प्राविधिक सहयोगमा कार्यक्रम भएको थियो । रक्तदान कार्यक्रमसँगै योग जनचेतना कार्यक्रम पनि गरिएको आमसाई स्कुलका प्रध्यानाध्यापक प्रभात खत्रीले जानकारी दिए । हेटौंडा-४, कर्रामा रहेको आमसाई स्कुलमा अध्ययनरत विद्यार्थीले योग गर्नुका साथै योग र स्वास्थ्यसँग सम्बन्धित जनचेतनामूलक प्ले कार्डहरु बनाएका थिए । हेटौंडा उपमहानगरपालिका ४ नम्बर वडाका अध्यक्ष नवीन सिग्देलको प्रमुख आतिथ्य तथा आनन्द मार्ग प्रचारक संघ नेपाल शाखा मकवानपुरकी सभापति कोपिला श्रेष्ठको सभाध्यक्षतामा कार्यक्रम भएको थियो ।

### बागमतीमा गठबन्धन सरकार बन्ने संकेत

# यी हुन् मुख्यमन्त्रीका दाबेदार

साझाकुरा संवाददाता

हेटौंडा, १० मंसिर/४ मंसिर २०७९ मा भएको निर्वाचनको मतगणना जारी रहँदै बागमती प्रदेशमा कुन पार्टीको सरकार बन्ने र को मुख्यमन्त्री बन्छ भन्ने चर्चा सुरु भएको छ ।

देशका ७ प्रदेशमध्ये सबैभन्दा ठूलो र केन्द्रीय राजधानी समेत रहेको बागमतीमा सरकारको नेतृत्व कसले गर्छ भन्ने उत्सुकता जनतामा देखिन थालेको छ । निर्वाचनको मतगणना अन्तिम चरणमा रहेसँगै बागमती सरकारको नेतृत्व गर्ने नेताहरुको अनुहार देखिन थालिसकेको छ । हालकै सत्ता गठबन्धन वा एमाले र राप्रपालगायतका दलको अर्को गठबन्धनको सम्भावना भएमा प्रदेश सरकारको नेतृत्व मकवानपुर, चितवन, धादिङबाट निर्वाचित एक जनाले गर्नसक्ने देखिएको छ । हालसम्म प्राप्त मत परिणाम अनुसार गठबन्धनको सरकार बन्ने देखिन्छ । मुख्यमन्त्रीको दाबेदारका हिसाबले यी तीन जिल्लाबाट निर्वाचन सांसदमध्ये एकले सरकारको नेतृत्व गर्ने देखिएको हो । बागमतीको भावी मुख्यमन्त्रीका दाबेदार अघि आइसकेका छन् ।

हालकै सत्ता गठबन्धनले सरकार बनाउन सकेमा तीन जनाको नाम अगाडि आएको छ । नेपाली कांग्रेसबाट पार्टी प्रदेश सभापतिसमेत रहेका मकवानपुरका इन्द्रबहादुर बानियाँ, नेकपा माओवादी केन्द्रबाट हालका आर्थिक मामिला तथा योजना मन्त्री धादिङका शालिकराम जम्मकट्टेल र एकीकृत समाजवादीबाट हालका आन्तरिक मामिला तथा कानुन मन्त्री चितवनका कृष्ण प्रसाद शर्मा खनाल दाबेदार हुन् । यी तीनमध्येको मुख्यमन्त्री हुने भन्ने विषय गठबन्धनको भागबण्डासँग जोडिएको छ । गठबन्धनभित्र सरकारको भागबण्डामा बागमती प्रदेश सरकार जुन पार्टीलाई पर्छ उही पार्टीका मुख्यमन्त्री हुनेछन् । भागबण्डामा कांग्रेसले पाए बानियाँ प्रमुख दाबेदार हुन् । उनी यसअघि नै मुख्यमन्त्री हुन खोजेपनि सफल हुन सकेका थिएनन् ।



भागबण्डामा माओवादी केन्द्रले बागमती पाए जम्मकट्टेल मुख्यमन्त्रीका प्रमुख दाबेदार हुन् । अघिल्लो कार्यकाल तत्कालीन नेकपाले साढे ३ वर्ष चलाउँदा पनि माओवादीले सरकारको नेतृत्व गर्ने अबसर नै पाएको थिएन् । भागबण्डामा पुन: एकीकृत समाजवादीले पाए चितवनका खनाल मुख्यमन्त्रीका दाबेदार हुन् । अघिल्लो कार्यकालमै एकीकृत समाजवादीले सरकारको नेतृत्व गरेकाले आगामी कार्यकालमा एकीकृत समाजवादीले बागमती प्रदेश सरकारको नेतृत्व पाउने सम्भावना न्युन रहेको देखिन्छ । यसैगरी, एमालेको एकल सरकार वा राप्रपासँगको तालमेल हुँदा चितवनबाट निर्वाचित जेएन थपलिया मुख्ष्यमन्त्रीका दाबेदार हुन् । एमालेबाट चार जना मुख्यमन्त्रीका दाबेदार निर्वाचनमा होमिएका थिए ।

चितवनबाटै थपलिया सहित देवी ज्ञवाली, काठमाडौंबाट निवर्तमान सभामुखसमेत रहेका सानुकुमार श्रेष्ठ र नुवाकोटबाट पूर्वआन्तरिक मामिला तथा कानुन मन्त्रीसमेत भइसकेका पार्टी प्रदेश कमिटी अध्यक्ष केशव प्रसाद पाण्डे निर्वाचन लडेका थिए ।

तर, यी मुख्यमन्त्रीका दाबेदार चार जनामध्ये चितवनका थपलिया मात्रै निर्वाचित भए । काठमाडौंका श्रेष्ठ राप्रपाका उम्मेदवारसँगै पराजित भएका थिए । उनले आफू भावी मुख्यमन्त्री भएको दाबी गर्दै आएका थिए । मुख्यमन्त्रीका दाबेदार ३ जना नै निर्वाचनमा पराजित भएपछि थपलिया दाबेदारका रुपमा देखिएका हुन् ।

प्रदेशसभा सदस्य निर्वाचनको मतपरिणाम आएपछि दलले प्राप्त गरेका सिट संख्याका आधारमा सरकार गठनको प्रक्रिया अगाडि थालिने छ । बागमतीमा १३ वटा जिल्ला छन् । जसमध्ये उपत्यकाको काठमाडौं, भक्तपुर र ललितपुरजिल्लाका प्रदेशसभा सदस्य निर्वाचन जितेका सांसदहरुको संख्याले सरकार गठनमा निर्णायक भूमिका रहन्छ । प्रदेशसभामा पाँच वर्षका लागि उपत्यकासहित मकवानपुर, चितवन, धादिङ, नुवाकोट, रसुवा, काभ्रे, सिन्धुपाल्चोक, दोलाखा, रामेछाप, सिन्धुलीबाट चुनिएका प्रदेशसभा सदस्यहरु हुनेछन् । कुल १ सय १० सांसदमध्ये ५६ सांसदसहितको बहुमत पुर्‍याउने दलले सरकार गठन गर्न सक्नेछ ।


अघिल्लो कार्यकालमा तत्कालीन नेकपाको स्पष्ट बहुमत थियो । सर्वोच्च अदालतको आदेशबाट नेकपा फुटेपछि पनि एमालेले एकल बहुमतको सरकार बनाएको थियो । तर, एमाले नै विभाजन भएपछि भने साढे ३ वर्ष लामो सरकार बर्हीगमनमा परेको थियो । त्यसपछि हालकै सत्ता गठबन्धनले प्रदेशमा सरकार बनाएका थिए । हालसम्मको प्राप्त मतपरिणाम अनुसार बागमतीमा स्पष्ट बहुमत कुनै दलको आएको छैन् । जसकारण गठबन्धन सरकार निर्माण हुने देखिन्छ । अन्तिम परिणाम नआइसकेकाले बागमती प्रदेशसभाको ठूलो दल नेकपा एमाले वा नेपाली कांग्रेस बन्ने देखिन्छ । तेस्रो ठूलो दल नेकपा माओवादी केन्द्र हुने देखिएको छ । अघिल्लो कार्यकालमा एमालेसँगको सहकार्यमा निर्वाचन लडेकाले माओवादी केन्द्र एक सिट बढी हुँदा दोस्रो ठूलो दल थियो ।

शनिवार दिउसोसम्मको नतिजाअनुसार बागमती प्रदेशका १३ जिल्लाका ६६ वटा निर्वाचन क्षेत्रको मध्ये ५३ वटाको मत गणना भइसकेको थियो । जसमा काठमाडौंको १५, चितवनको ५, नुवाकोटको २, धादिङको ४, मकवानपुरको ४, काभ्रेको ४, ललितपुरको ५, भक्तपुरको ४, रसुवाको २, रामेछापको १, सिन्धुलीको ४ र सिन्धुपाल्चोकको ४ वटा क्षेत्रको मत गणना सम्पन्न भइ नतिजा सार्वजनिक भइसकेको छ । काठमाडौंको ६, चितवनको १ र नुवाकोटको २ वटा क्षेत्रको मत गणना जारी रहेको छ भने दोलखा २ वटा निर्वाचन क्षेत्रको मत गणना सुरु हुन सकेको छैन । हालसम्म प्राप्त मत परिणाम अनुसार नेपाली कांग्रेसले सबैभन्दा धेरै २२ स्थानमा विजयी हासिल गरेको छ भने माओवादी केन्द्रले ११ र एमालेले १० स्थानमा जित हात पारेको छ ।

विगतको तुलनामा राप्रपाका सांसद संख्या बढ्ने देखिएको छ भने नेकपा (एकीकृत समाजवादी)का सांसद संख्या घट्ने छन् । यसअघि एकीकृत समाजवादीसँग १३ जना सांसद थिए । राप्रपासँग समानुपातिक कोटाका दुई सांसद थिए । राप्रपाले प्रदेशसभा सदस्यमा प्रत्यक्ष सिटसमेत जितेको छ । समानुपातिकका अघिल्लो निर्वाचनमा भन्दा मत बढी ल्याएको अवस्थामा अझै सांसद संख्या बढ्ने देखिएको हो । जसकारण बागमती प्रदेशमा कांग्रेस, माओवादी केन्द्र र एकीकृत समाजवादीको वा एमाले-राप्रपा मध्ये कसको संयुक्त सरकार बन्छ भन्ने टुंगो लागि सकेको छैन् । प्रदेशसभामा समानुपातिबाट पनि सांसद चुनिने भएकाले अहिले नै सरकार कसको बन्न सक्छ भन्ने स्पष्ट आधार छैन् ।

# मकवानपुरमा एमाले ठूलो दल

## कांग्रेस दोस्रो हुँदा माओवादी चौथोमा खुम्चियो



साझाकुरा संवाददाता

हेटौंडा, १० मंसिर/४ मंसिरमा भएको प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनबाट मकवानपुरमा नेकपा एमालेले आफ्नो बिरासतलाई कायम राखेको छ ।

वर्षौदेखि जिल्लामा ठूलो दल बन्दै आइरहेको एमालेले यस निर्वाचनबाट आफ्नो बिरासतलाई जोगाएको हो । देशका ठूला दल नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र, नेकपा (एकीकृत समाजवादी) बीच गठबन्धन हुँदा पनि प्रत्यक्षतर्फ १ प्रतिनिधिसभा र १ प्रदेशसभा सदस्य एमालेले जितेको थियो । प्रत्यक्षतर्फ एमालेले दुई सिट जितेपनि कांग्रेसले प्रदेशसभामा १ सिट, माओवादीले प्रदेशसभामा २ सिट र राप्रपाले प्रतिनिधिसभामा १ सिट जितेको हो । तर, समानुपातिक तर्फको मतपरिणाममा जिल्लाको ठूलो दल नेकपा एमाले बनेको छ । समानुपातिक र प्रत्यक्षतर्फ दुई सिट जितेको एमालेले समानुपातिकमा जिल्लाभरबाट ५० हजार ८ सय ७ मत ल्याएको हो ।

समानुपातिकमा आएको मतलाई दलको आकार निर्धारण गर्ने गरिन्छ । आमनिर्वाचन-२०७९ तर्फ मकवानपुरको प्रतिनिधिसभाको समानुपातिक मतगणनामा नेपाली कांग्रेस दोस्रो ठूलो दल बनेको छ । कांग्रेसले ३६ हजार २ सय ६४ मत ल्याएको छ । राष्ट्रिय स्वतन्त्र पार्टी तेस्रो ठूलो दल बनेको छ । राष्ट्रिय स्वतन्त्र पार्टीले दुई जना प्रतिनिधि सभा सदस्य निर्वाचनमा उम्मेदवार उठाएपनि जित निकाल्न सकेको थिएन् । २ नम्बर क्षेत्रका उम्मेदवार भरत पराजुलीले भने सम्मान जनक मत १३ हजार मत ल्याएका थिए । पाँच महिनाअघि मात्रै जन्मिएको दल राष्ट्रिय स्वतन्त्र पाटीका कारण जनयुद्धपछि शान्ति सम्झौताबाट मूलधारको राजनीतिमा आएको नेकपा माओवादी केन्द्रलाई चौथो स्थानमा झारदिएको छ । ०७४ को निर्वाचनमा माओवादी जिल्लाको तेस्रो ठूलो दल थियो ।

जिल्लाभर १ लाख ७८ हजार १ सय ३८ मत खसेकोमा राष्ट्रिय स्वतन्त्र पार्टीले २९ हजार ८ सय ८९ मत ल्याउन सफल भएको हो । माओवादी केन्द्रले २६ हजार १ सय ३३ ल्याउँदा जिल्लाको पाँचौ ठूलो दल बनेको राप्रपाले १६ हजार ७ सय ७१ मत ल्याएको छ । राप्रपाले समानुपातिकमा ल्याएको भन्दा बढी मत प्रतिनिधिसभातर्फ प्रत्यक्ष उम्मेदवार रहेका दिपक सिंहले ल्याएका थिए । राप्रपाको संस्थागत मत धेरै नभए पनि सिंहले लोकप्रिय मत ल्याएर निर्वाचन जितेको देखिएको छ । एमालेबाट विभाजन भएको नेकपा (एकिकृत समाजवादी)ले जम्मा ३ हजार ८ सय २७ ल्याएको छ । कमल थापा नेतृत्वको राप्रपा नेपालले जम्मा ५ सय ३६ मत ल्याएको छ ।

राप्रपा नेपालको संस्थागत मत यति थोरै रहेपनि १ नम्बर क्षेत्रमा एमालेको सुर्य चिन्हबाट प्रत्यक्ष उम्मेदवार रहेका थापाले २० हजार मत कटाएका थिए । यसबाट थापालाई एमालेले मत दिएको देखिन्छ । यसैगरी, प्रत्यक्षतर्फको जितलाई आधार मान्दा एमाले पहिलो र कांग्रेस जिल्लाको चौथो शक्तिमा खुम्चिएको छ ।

आमनिर्वाचनले गत ३० वैशाखमा सम्पन्न स्थानीय तहको निर्वाचनमा सबैभन्दा धेरै जनप्रतिनिधि जितेर पहिलो स्थानमा पुगेको कांग्रेस ६ महिनाको अन्तरालमा दोस्रो स्थानमा पुगेको हो । मकवानपुरमा रहेको १० स्थानीय तहमध्ये ५ वटा तहमा अध्यक्ष, जितेर जिल्लामा प्रथम भएको कांग्रेस प्रतिनिधि तथा प्रदेशसभा निर्वाचनमा आइपुग्दा दोस्रो बरियतामा पुगेको हो ।

आम निर्वाचनमा नेकपा एमाले एक प्रतिनिधिसभा तथा एक प्रदेशसभासहित प्रथम स्थानमा रहँदा नेकपा माओवादी केन्द्र दुईवटा प्रदेशसभा सहित दोश्रो, राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) एक प्रतिनिधिसभासहित तेस्रो हुँदा नेपाली कांग्रेस एउटा प्रदेशसभामा मात्र खुम्चियो । एमालेबाट प्रतिनिधिसभा २ मा महेश बर्तौला, प्रदेशसभा १ (ख)मा एकालाल श्रेष्ठ, कांग्रेसबाट प्रदेशसभा २ को (ख)मा इन्द्रबहादुर बानियाँले जितेका थिए । माओवादीबाट प्रदेशसभा १ को (क)मा प्रेमबहादुर पुलामी र प्रदेशसभा २ को (क)मा कुमारी मोक्तान र राप्रपाबाट प्रतिनिधिसभा १ मा दिपक सिंह विजयी भएका थिए । गठवन्धनबाट नेपाली कांग्रेसले एक प्रतिनिधिसभासहित दुईवटा प्रदेश सभामा उम्मेदवारी दिएको थियो ।

# जिल्ला बचत सहकारीको कारोबार ९१ करोड

साझाकुरा संवाददाता

हेटौंडा, १० मंसिर/जिल्ला बचत तथा ऋण सहकारी संघ मकवानपुरले गत आव २०७८/०७९ मा ९१ करोड ८२ लाख ६० हजार बराबरको कारोबार गरेको छ ।

संघको शनिबार भएको १७ औं वार्षिक साधारणसभामा गत आव २०७८/०७९ मा ९१ करोड ८२ लाख ६० हजार बराबरको कारोबार भएको जनाइएको हो । संघका अध्यक्ष कल्पना श्रेष्ठको सभाध्यक्षता तथा प्रदेश सहकारी विकास वोर्डका कार्यकारी उपाध्यक्ष नारायण प्रसाद देवकोटाको प्रमुख आतिथ्यतामा शनिबार साधारणसभा भएको थियो ।

४ करोड ४० लाख १५ हजार शेयर पुजी रहेको संघले शेयर सदस्य संस्थालाई ३९ करोड ३४ लाख ३५ हजार ६१३ रुपैयाँ कर्जा लगानी गरेको छ । संघको बचत निक्षेप ७६ करोड ११ लाख ३६ हजार ६७८ रुपैयाँ रहेको छ भने जगेडा कोषमा १ करोड ४४ लाख ९ हजार ९८९ रहेको संघका व्यवस्थापक सुमित्रा कुमारी वाईवाले बताइन् । सभाको अवसरमा संघले विभिन्न विधामा पुरस्कृत तथा सम्मान गरेको छ । संघले सहकारी अभियानकर्मी भनी महिला तर्फ श्रमजिवी महिला साकोसका पुर्व अध्यक्ष एंव इन्द्रसरोवर गाउँपालिकाका उपाध्यक्ष उमा लामा, पुरुषतर्फ अशोक बाटिका साकोसका पुर्व अध्यक्ष जयप्रकाश घिमिरेलाई नगद सहित सम्मान गरेको थियो ।




त्यस्तै, उत्कृष्ट सहकारी कर्मचारी महिलातर्फ महिला कल्याण साकोसका व्यवस्थापक मेनुका कुमारी न्यौपाने, पुरुषतर्फ मनहरी साकोसका व्यवस्थापक हरि पाठकलाई नगद सहित सम्मान गरिएको छ । संघले नियमित दैनिक कारोबार गर्ने गणपति बाबा साकोस, साकोस एकीकरण गर्ने श्रमिक र सुरक्षित साको, मनहरी र दर्पण महिला साकोसलाई सम्मान गरिएको थियो । यसैगरी समग्रमा संघमा सर्वाधिक बचत जम्मा गर्ने हेटौंडा साकोस, सर्वाधिक ऋण परिचालन गर्ने महिला सेवा साकोस र सर्वाधिक शेयर खरिद गर्ने श्रमिक सुरक्षित साकोसलाई सम्मान गरिएको थियो ।

नगर/गाउँपालिकातर्फ सर्वाधिक बचत गर्ने जागरण साकोस, सर्वाधिक ऋण परिचालन गर्ने बज्रबाराही साकोस, सर्वाधिक शेयर खरिद गर्ने महिला जनजाग्रती साकोसलाई सम्मान गरिएको छ । त्यस्तै महिला साकोसतर्फ बचत जम्मा गर्ने महिला जनशक्ति साकोस, ऋण परिचालन गर्ने शुभकामना महिला साकोस, शेयर खरिद गर्ने सृजना महिला साकोसलाई सम्मान गरिएको हो । संघले सर्वोत्कृष्ट महिला साकोसमा हेटौंडा १३ मा रहेको महिला मिलन बचत तथा ऋण सहकारी संस्था र मिश्रित साकोसमा हेटौंडा २ को नमुनाप्रगति साकोस पुरस्कृत भएको छ ।

सभामा संघका अध्यक्ष श्रेष्ठले संघले गरेको गतिविधि प्रतिवेदन प्रस्तुत गरेकी थिइन् भने संघको प्रस्ताविक कार्यक्रम तथा योजनाहरु सचिव विरेन्द्र प्रसाद ढुंगानाले प्रस्तुत गरेका थिए । संघका कोषाध्यक्ष विष्णुमाया लामाले आगामी अनुमानित प्रस्तावित बजेट प्रस्तुत गरेकी थिइन् ।

सभामा मनहरी गाउँपालिकाका उपाध्यक्ष सीता पुलामी, भीमफेदी गाउँपालिकाका पुर्व उपाध्यक्ष पार्वती राना, बचत तथा ऋण सहकारी संघ बागमती प्रदेशका उपाध्यक्ष राधा सिन्तान, हेटौंडा उपमहानगरका शाखा अधिकृत सुस्मिता महत, बहुउद्देश्यीय सहकारी संघका अध्यक्ष रामहरि न्यौपाने, राष्ट्रिय सहकारी बैंकका प्रमुख रामेश्वर अर्याल, ग्रामिण महिला सेवा केन्द्रका उपाध्यक्ष लक्ष्मी मोक्तान लगायतको आतिथ्यता रहेको थियो ।

# साहित्य संगम मकवानपुरको ३२६ औं साहित्य सन्ध्या



साझाकुरा संवाददाता

हेटौंडा/साहित्य संगम मकवानपुरको ३२६ औं नियमित साहित्य सन्ध्या शनिबार भएको छ ।

शनिबार ३२६ औं पटक साहित्य संगम मकवानपुरले नियमित साहित्य सन्ध्या गरेको हो । कार्यक्रममा १६ जनाले रचना वाचन गरेका थिए । साहित्य संगम मकवानपुरको आयोजनामा भएको कार्यक्रममा संगमकी अध्यक्ष अनिता न्यौपानेको सभाध्यक्षता तथा अग्रज साहित्यकार आरसी रिजालको प्रमुख आतिथ्यता रहेको थियो ।

कार्यक्रममा साहित्य संगमका पूर्वअध्यक्ष निमेष निखिल, नेपाली लेखक संघ मकवानपुरका अध्यक्ष छवि अनित्य, सिस्नुपानी नेपाल मकवानपुरका अध्यक्ष र ाजकुमार लामिछाने लगायत अन्य साहित्यकारहरुको समेत उपस्थिति रहेको थियो ।

## व्यापारिक मार्ट बिक्रीमा

हेटौंडा उपमहानगरपालिका-४ पारिजातपथ स्थित व्यापारिक मार्ट विशेष कारण वश बिक्रीमा रहेकोले खरिद गर्न इच्छुक महानुभावहरुले निम्न सम्पर्क नम्बरमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

सम्पर्क नम्बर:
९८४५०२७०६४/९८५५०६८०३८

## सम्पूर्ण ब्राण्डका गाडी

एकै ठाउँमा सम्पूर्ण सेवासहित

सेवाहरू:
- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लास्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५१०३३३

साझाकुरा

## हाम्रो कुरा

# मकवानपुर आमनिर्वाचन नतिजाको सन्देश

नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रमा प्रवेश गरेपछि दोस्रो चरणको आमनिर्वाचन २०७९ मंसिर ४ गते सम्पन्न भयो । निर्वाचनमा लोकतान्त्रिक-बाम गठबन्धनमा आबद्ध रहेर नेपाली काँग्रेस, नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, राष्ट्रिय जनमोर्चा र लोकतान्त्रिक समाजवादी पार्टी होमिएको थियो भने नेकपा एमाले, जनता समाजवादी पार्टी, राप्रपा नेपाल र राप्रपा तालमेल गरेर चुनावी मैदानमा थिए । देशभर निर्वाचनको अन्तिम नतिजा आउने क्रम जारी रहँदा मकवानपुरमा भने मिश्रित नतिजा आएको छ ।

मकवानपुरको क्षेत्र नं. १ मा प्रतिनिधिसभातर्फ राप्रपाका केन्द्रीय सदस्य दीपकबहादुर सिंहले बिजयी हासिल गर्दा प्रदेशसभा ‘क’ मा एकीकृत माओवादी केन्द्रका प्रेमबहादुर पुलामी ‘छिन्तु’ र प्रदेशसभा ‘ख’ मा नेकपा एमालेका जिल्ला अध्यक्ष एकालाल श्रेष्ठ निर्वाचित भए । त्यस्तै, क्षेत्र नं. २ मा प्रतिनिधिसभामा नेकपा एमालेका बागमती प्रदेशका उपमहासचिव महेशकुमार बर्तौलाले बिजय हासिल गर्दा प्रदेशसभा ‘क’ मा एमाओवादीकी पोलिटब्यूरो सदस्य कुमारी मोक्तान र प्रदेशसभा ‘ख’ मा नेपाली काँग्रेसका बागमती प्रदेश सभापति ईन्द्रबहादुर बानियाँले बिजय हासिल गरे । लोकतान्त्रिक आन्दोलनपछि मकवानपुरले गणतन्त्रवादी नेपाली काँग्रेस, नेकपा एमाले र नेकपा माओवादी केन्द्रका उम्मेदवार बिजयी भए भने हिन्दुधर्म र राजसंस्थाको वकालत गर्दै आएको राप्रपाको उम्मेदबार पनि बिजय भएका छन् ।

मकवानपुरमा मिश्रित नतिजा आउनुले अब कुनैपनि बहानामा अर्थात् बिचार र व्यवस्थाको पक्षधरताको आधारमा विकास हुने हो कि होइन भन्ने जनताले महसुस गर्न पाउने देखिन्छ । चुनावी नारा लगाउँदा लोकप्रिय देखेपछि जनताले भोट दिएका छन् । अब प्रतिबद्धताअनुसार कुन दलमा आबद्ध बिजयी उम्मेदवारले आफ्नो क्षेत्रमा कस्ता गौरबका आयोजना निर्माण गर्छन् ? कस्ता कस्ता विकासका योजना सम्पन्न गर्छन् ? विपन्न, दलित, जनजाति, महिला, युवालक्षित कस्ता लोकप्रिय कार्यक्रमहरु ल्याउन सफल हुन्छन् ? राष्ट्रहीतमा कस्ता नीतिगत व्यवस्था परिवर्तन गर्छन् ? जिल्लाबाट बिजयी सांसद्हरुले प्रतिनिधिसभा र प्रदेशसभामा जनताका मुद्दाहरु कसरी प्रस्तुत गर्छन् ? यी सबैको मूल्याङ्कन गरेर आगामी निर्वाचनमा कुन दललाई विश्वास गर्ने भन्ने जनताले निक्यौंल गर्ने पक्का छ ।

# गनिसकेको मतपत्रको व्यवस्थापन जलाउनु मात्रै हो त ?



रितेश पन्थी



**यही** मंसिर ४ गते नेपालमा प्रतिनिधि सभा र प्रदेशसभाको निर्वाचन भएपछि हाल मतगणना अन्ति चरणमा भइरहेको छ । निर्वाचन आयोगका अनुसार हालैको निर्वाचनको लागि प्रत्यक्ष निर्वाचन प्रणालीतर्फ चार करोड तथा समानुपातिक निर्वाचन प्रणालीतर्फ चार करोड गरी करिब ८ करोड मतपत्र निर्वाचन आयोगले जनक शिक्षा सामग्री लिमिटेडमा छापेको थियो ।

छाप लगाइएका मतपत्रलाई मुद्दा पर्ने अवधि नाघेपछि जिल्ला निर्वाचन कार्यालयले सम्बन्धित जिल्लामै र प्रयोग नभएका मतपत्रहरु त्यस अगावै जनक शिक्षा सामग्री केन्द्रमा सरकारी कागजात धुल्याउने नियम (२०२७) का आधारमा धुल्याउने गरेको छ ।

प्रशासकिय कार्यविधि (नियमित गर्ने) ऐन ,२०१३ को दफा २ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले बनाएको उक्त नियमको नियम २ (ख) मा ‘धुल्याउनु’ भन्नाले सरकारी कार्यालयमा रहेका कागजपत्रमा लेखिएका व्यहोरा पढ्न बुझ्न र त्यसको कुनै उपयोग गर्न नमिल्ने गरी रद्ध गर्ने कार्यलाई सम्झनुपर्छ । र, सो शब्दले त्यस्तो कागजातलाई आगोमा डढाउने कार्यसमेत जनाउँछ भनिएको छ ।

त्यस्तो अवस्थामा हालको ८ करोड मतपत्र डढाउँदा हुने असरले मानव स्वास्थलाई मात्र नभएर पृथ्वीमा कार्वन उत्सर्जन बढी गराउन पनि भूमिका खेल्छ । यस विषयमा म सहित मेरो मित्र ऋतिक यादवले दायर गरेको रिटमा कात्तिक २९ गते सर्वोच्चले कारण देखाऊ आदेश जारी गरेको छ ।

आदेशमा निर्वाचन आयोगलाई विवेकपूर्ण रुपमा दृष्टि पुराइ कागजात धुल्याउने प्रयोजनले वैकल्पिक प्रयोगको व्यवस्था मिलाउन कार्य गर्नु आवश्यक र मनासिव हुने देखिन्छ भनेर भनिएको छ । यस लेखमा वातावरण एक अन्तरराष्ट्रिय मुद्दा,संविधानले निर्दिष्ट गरेको व्यवस्था,नेपालको प्रयास,अदालतले गरेका निर्णय र मतपत्र डढाउनुको विकल्पबारे प्रकाश पार्ने प्रयास गरिएको छ ।

### वातावरण: एक अन्तर्राष्ट्रिय मुद्दा

हालै कोप २७ इजिप्टको शर्म एल शेख भन्ने ठाउँमा भइरहेको छ । विकसित राष्ट्रहरुले आफ्नो सम्पूर्ण समस्या समाधान गर्दै हाल प्रविधि र जलवायुजन्य विपत्तले पारेको समस्या सुल्झाउन लम्किरहेको छन् । नेपाल पनि विभिन्न समयमा विभिन्न अन्तर्राष्ट्रिय फोरम, सभा र सम्मेलनमा आफ्नो बलियो उपस्थिति जनाउँदै जलवायुजन्य विपत्तिले गर्दा आफू र आफ्नो जनतालाई पारेको प्रभाव विश्वसामु राखिरहेको छ ।

नेपालले विकसित राष्ट्रहरुले औद्योगिक क्रान्तिपश्चात सुरु गरेको कार्वन उत्सर्जनले भारी मात्रामा मुल्य चुकाउनु परेको छ । बेमौसमी बर्षा, बाढी पहिरो, डढेलो, वायुप्रदुषण, हिमताल बिस्फोटन, नदी सुक्नु, हिमालको हिउँ पग्लिएर काला पत्थर देखिनु गम्भीर बिषय बनेको छ ।

हाल कार्वन उत्सर्जन कम गर्ने र पेरिस सम्झौताले प्रक्षेपण गरेको पृथ्वीको तापक्रम १.५ प्रतिशतले बढ्न नदिनु हाल सबै राष्ट्रहरुको गम्भीर चासोको विषय बनेको छ । नविकरणीय उर्जामा विकसित राष्ट्रहरुको ध्यान गएको छ भने तेल निर्यातकर्ता र उत्पादनकर्ता मुलुकहरुको समूह ओपेक प्लसको व्यवहार र कार्यशैलीले गर्दा पनि खरिदकर्ता र आयतकर्ता राष्ट्रहरुले नवीकरणीय उर्जामा ध्यान केन्द्रित गरेका छन् । यस्तो अवस्थामा नेपालजस्तो देशले भलै उत्सर्जन एक्दमै न्यून हिसाबले गर्छौ, तापनि हामीले हाम्रो तर्फबाट गरिने र गर्न सकिने प्रयास गर्नुपर्ने हुन्छ ।

### संविधानमा वातावरणीय हक

नेपालको संविधानको धारा ५१ (६) ले प्रकृति, वातावरण र जैविक विविधतामाथि नकारात्मक वातावरणीय प्रभाव निर्मूल गर्नुपर्ने वा न्यून गर्न उपयुक्त उपायहरू अवलम्बन गर्नुपर्ने भनेर लेखिएको छ । वातावरण प्रदुषण गर्नेले सो बापत दायित्व व्यहोर्नुपर्ने तथा वातावरण संरक्षणमा पूर्व सावधानी र पूर्वसूचित सहमति जस्ता पर्यावरणीय दिगो विकासको सिद्धान्त अवलम्बन गर्ने कुराहरु लेखिएको छ ।

त्यस्तै धारा ५२ अन्तर्गत राज्यको दायित्वमा मौलिक हक र मानव अधिकारको संरक्षण र सम्वर्धन, राज्यका निर्देशक सिद्धान्तहरुको अनुशरण तथा राज्यका नीतिहरुको क्रमश: नेपाललाई समृद्ध तथा समुन्नत बनाउने राज्यको दायित्व हुनेछ भनिएको छ ।

त्यस्तै भाग ३ धारा १६ मा प्रत्येक नागरिकलाई सम्मानपूर्वक बाँच्न पाउने हक, धारा ३० मा प्रत्येक नागरिकलाई स्वच्छ वातावरणमा बाँच्न पाउने हकबारे व्यवस्था गरेर नागरिकको मानव अधिकारको प्रत्याभूति गरेको छ ।

### वातावरण संरक्षणमा नेपालको पहलकदमी

वातावरण संरक्षण सम्बन्धमा नेपालले १५ भन्दा बढी अन्तर्राष्ट्रिय सन्धि सम्झौता अनुमोदन गरेको छ । कोप २६ मा नेपालले नेपालको राष्ट्रिय अनुकुलन योजना २०२१-२०५०, हानी नोक्सानी सम्बन्धि राष्ट्रिय कार्यढाँचा र खुद शुन्य उत्सर्जनमा नेपालको दीर्घकालीन रणनीति मन्त्रिपरिषदबाट पारित भएको थियो । सम्मेलनमा प्रधानमन्त्री शेरबहादुर देउबासहितको उच्चस्तरीय टोलीको उपस्थिति थियो ।

साथै, नेपालले आफ्नो राष्ट्रिय जलवायु नीति २०७६ अन्तर्गत सन् २०२५ सम्म (तत्कालीन),२०३० सम्म (मध्यकालीन) र २०३० सम्म (दीर्घकालीन) अनुकूलनका कार्यक्रमहरु पहिचान गरेको छ । नेपाल संयुक्त राष्ट्रसंघको जिम्मेवार सदस्य भएको नाताले संयुक्त राष्ट्रसंघको सहयोगमा गरिएका आर्थिक, सामाजिक र संस्कृतिक अधिकारसम्बन्धि अन्तरराष्ट्रिय महासन्धि, १९६६, २०१५ को पेरिस सम्झौता र हाल कोप (कन्फेरेन्स अफ द पार्टी) हरुको बैठकमा आफ्नो सहभागिता जनाएर र पक्ष राष्ट्र भएर पहलकदमी लिएको अवस्था छ ।

### अदालतको निर्णय

नेपालको अदालतले पनि विभिन्न समयमा परेको वातावरणसंग सम्बन्धित रिटमा आफ्नो अधिकारको प्रयोगमा गर्दै भूमिका खेलेको छ । यहाँको अदालत वातावरणसंग सम्बन्धित मुद्दामा गम्भीर रुपले प्रस्तुत भएको पाइन्छ । साथै, वातावरणीय विधिशास्त्रको आधारस्तम्भ खडा गरेको पाइन्छ ।

जस्तो कि २०५२ मा फैसला भएको सूर्यप्रसाद शर्मा ढुंगेल विरुद्ध गोदावरी मार्वल ईण्डष्ट्रिज प्रालिको मुद्दामा पर्यावरण समस्या सार्वजनिक चासो र सरोकारको विषय हुने र प्रदुषित वातावरणको सिर्जनाबाट कुनैपनि व्यक्तिको जीउ ज्यानको अपहरण हुने र त्यस्तो प्रदुषित वातावरणबाट मुक्ति पाउने व्यक्तिको हक अधिकारको कुरा हो भनी उल्लेख गरेको छ ।

त्यसै गरी अर्को एक मुद्दामा वातावरण एउटा स्थान वा देशको मात्र सरोकारको विषय नरही हाल विश्वव्यापी चासोको विषय भएको र वातावरण प्रदूषणले एक स्थानको मानिस मात्र होइन, जनावर र विरुवा वनस्पति समेतलाई असर पार्दै त्यसको दायरा फराकिलो हुँदै जाने कुरामा दुईमत हुन सक्दैन ।

### विद्युतीय मेसिनको प्रयोग

निर्वाचन आयोगका अनुसार वैशाख ३० मा सम्पन्न स्थानीय तहको निर्वाचनमै झण्डै १ करोड ८० लाख भन्दा बढी मतपत्र छपाइ भएको थियो । आयोगले २०७४ को चुनावमा नै मतदाता शिक्षामा ७० करोड बजेट पाएता पनि बदर मतको संख्या उल्लेख्य थियो भने हालको स्थानीय तहको निर्वाचनमा २० करोड मतदाता शिक्षामै खर्च भएको छ ।

२०७५ साल र हाल २०७९ मा कागजकै बजार मुल्य ४० प्रतिशतले बढेको निर्वाचन आयोगकै स्वीकारोक्ति छ । स्थानीय तहको निर्वाचनमै झण्डै ८ अर्बभन्दा बढी खर्च भयो,जसमा खर्चको धेरैजसो हिस्सा मतपत्र छपाइ र निर्वाचन सामग्रीमा खर्च भएको पाइएको छ ।

आयोगले २०७४ को प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनमा १ अर्ब ५० करोड रुपियाँ भन्दा बढी मतदाता शिक्षामा खर्च गरेतापनि प्रतिनिधिसभाको समानुपातिकतर्फ १०,८२,७७७ खसेको मतको ९.८४ प्रतिशत र प्रदेशसभाको समानुपातिकतर्फ १५,६८,१९१ मत अर्थात् १४.८१ प्रतिशत मत बदर भएको पाइएको छ । त्यसैले अब विद्युतीय मेसिनको प्रयोग गर्नु नै अति लाभदायक हुने र प्रदूषणको समस्या पनि नआउने हुन्छ ।

### प्रदूषण गराएपछि वृक्षारोपण

नियममै धुलो बनाउ भनेपछि आयोगहरु चल्ने नियमअनुसार नै होला तर ८ करोड मतपत्र जलाउँदाको क्षति न्यूनीकरण गर्न प्रत्येक जिल्लामा सयौंको संख्यामा रुखबिरुवा अर्थात् झन्डै दश हजार भन्दा बढी बोटबिरुवा रोपी वातावरण सन्तुलनमा ध्यान दिनु श्रेयष्कर हुन पनि सक्छ । विकल्प अन्य नभए यो विकल्प पनि खर्चको हिसाबले हेर्दा कम खर्चिलो र लाभदायक हुनेछ ।

### वैकल्पिक उपायबारे मनन

कागजलाई पुन: प्रयोग गर्न नमिल्ने भन्ने हुँदैन । आजको दिनमा प्लास्टिकबाट पनि बाटो बनाउने,इन्धनको रुपमा प्रयोग गर्ने गरेको पाइन्छ भने प्लास्टिककै अन्य उपकरण बनाउन पनि प्रयोग गरिन्छ ।

त्यसै गरी कागजको माध्यमबाट पनि कागजकै रुपमा प्रयोग गर्न मिल्ने उपकरण र विधिहरु संसारमा विकसित भएका छन् । कागज गल्ने भएको हुँदा मल बनाउन पनि प्रयोग गर्न सकिने भएको हुँदा धुलो नै पार्नुपर्छ भनेर लेखिएको नियम नै संविधानसंग बाझिएको छ । नियम बाधक हुन नदिन यो सरकारी कागजात धुल्याउने नियम (२०२७) को प्रावधान नै जतिसक्दो छिटो संशोधन गर्नु नै हितकार हुन्छ ।

### निष्कर्ष:

वायु प्रदूषणको कारणबाट हुने विभिन्न रोगबाट नेपालमा बर्षेनी ४० हजार भन्दा बढीको मृत्यु हुने गरेको पाइएको छ । काठमाडौं पटक पटक वायुप्रदुषणले गर्दा बिश्वकै प्रदूषित शहर मध्ये शीर्ष १० मा पर्दै आएको छ । गत वर्षमात्र नेपालको विभिन्न भागमा हालसम्मकै उच्च वायु प्रदूषणको रेकर्ड मापन गरियो भने विद्यालयहरु झण्डै दुई साताको लागि बन्द गर्नुपर्ने स्थिति सिर्जित भएको थियो ।

त्यसकारण नेपाल जलवायुजन्य विपतको उच्च जोखिममा रहेको हुँदा ससाना कामले ठुलो असर गर्ने गरेको हुँदा करोडौंको संख्यामा मतपत्र जलाउनुको विकल्प खोज्नु नै हालको लागि उचित हुनेछ । *(साभार: रातोपाटी)*

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६११९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७९ मंसिर १२ गते सोमबार २८ नोभेम्बर २०२२ । मंसिर पञ्चमी शुक्लपक्ष । थिंलाथ्य ११४३ ने.सं. । सूर्योदय ६:३६, सूर्यास्त ५:६ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : अधिक परिश्रम गर्नु पर्नेछ | तुला | : शुभ समाचार मिल्नेछ |
| वृष | : मेहनतको फल पाइनेछ | वृश्चिक | : व्यापार लाभप्रद रहनेछ |
| मिथुन | : कार्यभार र व्यस्तता बढ्नेछ | धनु | : सन्तानको चिन्ता बढ्नेछ |
| कर्कट | : व्यापार-व्यवसाय सामान्य रहनेछ | मकर | : सम्पत्तिसम्बन्धी विवाद हुनेछ |
| सिंह | : जीवनसाथीसूग मतभेद हुनसक्नेछ | कुम्भ | : रोकिएका काम सम्पादन हुनेछन् |
| कन्या | : आध्यात्मिक चेतना प्राप्त हुनेछ | मीन | : पठन-पाठनमा प्रगति हुनेछ |

# अप्राकृतिक गठबन्धनहरूको विरुद्धमा प्राप्त जनमत

प्रा. डा. पुष्पकमल सुवेदी

लोकतान्त्रिक प्रक्रियामा राजनीतिक दलको भूमिका महत्वपूर्ण हुन्छ । दल भनेको निर्वाचनको माध्यमबाट पदहरू प्राप्त गरेर शासन प्रणालीलाई नियन्त्रण गर्न खोज्ने व्यक्तिहरूको समूह हो जसले सत्तामा पुग्दा सरकारी नीतिहरू तर्जुमा गर्नुका साथै कार्यान्वयन गर्ने पनि हो ।

यद्यपि यसका सदस्यहरू आफ्नो आय, प्रतिष्ठा र शक्तिका लागि व्यक्तिगत इच्छाबाट प्रेरित हुन्छन् जुन पद उनीहरू प्राप्त गर्छन् । यसरी तिनीहरूको सामाजिक कार्यहरू पूरा गर्नु तिनीहरूको निजी महत्वाकांक्षाहरू प्राप्त गर्ने माध्यम पनि हो । निर्वाचित नभई कुनै पनि पदको उपभोग पाउन नसकिने भएकाले हरेक दलको मुख्य लक्ष्य निर्वाचन जित्ने हो । यसका लागि सबै कार्यहरू अधिकतम मतहरू प्राप्त गर्न लक्षित हुन्छन् र यसले नीतिहरूलाई आफ्नो उद्देश्यका लागि साधनका रूपमा प्रयोग गर्दछन् । राजनैतिक पार्टीहरू जव कमजोर हुन्छन् तब गठबन्धनको निर्माण हुन्छ यसबारेमा छोटो चर्चा गरिने छ ।

### गठबन्धन के हो ?

परम्परागत गठबन्धन साहित्यअनुसार शक्ति सन्तुलन गर्न गठबन्धनहरू बनाइन्छ । यसबाहेक गठबन्धन बीचको एकताका लागि स्पष्ट सिद्धान्त हुनुपर्छ ताकि गठबन्धनहरू प्राय: कसैको वा केहीको विरुद्ध बनेका हुन्छन् । उदाहरणका लागि, वर्तमान सत्ता गठबन्धन विशेष गरेर केपी ओली र उहाँले नेतृत्व गर्नुभएको एमालेको विरुद्धमा भएको स्पष्ट देखिन्छ । गठबन्धनको लक्ष्य पार्टीको अस्तित्व कायम गर्न अर्को शक्ति वा शक्तिहरूको गठबन्धन विरुद्धको मोर्चा हो जसलाई सामान्यतया क्षमताहरू (शक्ति) र अभिप्राय (दुवै प्रेरणा र धारणा) को संयोजनका रूपमा परिभाषित गर्न सकिन्छ । जति धेरै मोर्चा हुन्छ, सिद्धान्तको महत्त्व कम हुँदै जान्छ ।

गठबन्धन गर्दा दुई पक्ष हुन्छन्, एउटा प्रमुख शक्तिको विरोधमा वा कमजोरी पक्षको सहयोगी हुने (सन्तुलन) र अर्को मुख्य प्रतिस्पर्धी वा शक्तिशालीका सहयोगी हुने (ब्यान्डवागन) । वर्तमान अवस्थामा नेपाली कांग्रेस र कम्युनिस्ट पार्टीहरू एकआपसका राजनैतिक प्रतिस्पधी हुन् । सन्तुलनको सिद्धान्तअनुसार सत्ता गठबन्धनमा माओवादी, नेकपा एस र राष्ट्रिय जनमोर्चा जस्ता कमजोर पार्टीहरू सामेल हुनु भनेको ब्यान्डवागन हो किनकि नेपाली कांग्रेस जस्तो परम्परागत शक्तिशाली गैरकम्युनिस्ट पार्टीसँग गठबन्धन गर्नु आफ्नो पार्टीको प्रभाव घटाउनु हो जस्को ज्वलन्त उदाहरण आवधिक निर्वाचन २०७९ मा नेपाली कांग्रेसको तुलनात्मक जनमत बढेको प्रमाणित भईसकेको छ जुन सिद्धान्त विहिन थियो ।

२०७४ सालमा सम्पन्न संघीय निर्वाचनमा एमालेसंगको गठबन्धनले माओवादी र राष्ट्रिय जनमोर्चाको शक्तिमा बृद्धि भएको पाईन्छ जुन तुलनात्मक सैद्धान्तिक थियो ।मुख्य कारण कम्युनिस्टहरूको झण्डा एउटै हुनुकासाथै मार्क्सवाद र लेनिनवादी साझा सिद्धान्तबाट निर्देशित भएको हुन्छ तर सत्ता प्राप्तिको लागि मात्र गैह्र कम्युनिस्टहरूसंगको राजनैतिक एकता असान्दार्भिक र सिद्धान्त विहिन हुन्छ ।अर्को महत्वपुर्ण पक्ष माओवादी जुन संसदिय व्यवस्था प्रति अझपनि अविस्वास गर्दछ तर एमालेको विरुद्धमा मात्र संसद्वादी नेपाली कांग्रेससँग गठजोड गर्नु कृत्रिम भएको मानिन्छ किनकि विगतमा यी दुवै शक्ति एक आपसमा प्रमुख प्रतिस्पर्धी थिए र हुन पनि ।

ब्यान्डवागनको अर्को उदाहरण क्षेत्रीय राजनैतिक शक्ति जस्तै नेपाल समाजवादी पार्टीले एमाले जस्तो बलियो केन्द्रीय शक्तिसँग गठबन्धन गर्दा ठूलो शक्तिको सहयोगी मात्र हुने तर समग्रमा परिणाम कमजोर शक्तिको पक्षमा नहुन पनि सक्छ किनकि सैद्धान्तिक पक्ष कमजोर छ अर्थात् जसपाको नारा केवल क्षेत्रीय वा मधेसवादमा आधारित छ । सरल शब्दहरूमा भन्नुपर्दा एमाले र जसपा वा नेपाली कांग्रेस वा राप्रपासँगको गठबन्धन ब्यान्डवागनिङ हो भने एमाले माओवादी गठबन्धन सन्तुलन हो ।

एमाले जस्तो प्रमुख प्रतिपक्षको विरुद्धमा नेपाली कांग्रेसले चार आफ्ना कमजोर राजनैतिक प्रतिस्पर्धीहरूलाई समेटेर गठबन्धन बनाएको छ जुन हेनरी किसिन्जरको तत्कालीन सोभियत संघको विरुद्धमा अमेरिका र चिनको मेलमिलापको नीतिसँग प्रभावित भए पनि नेपालको घरेलु राजनीतिमा यो अभ्यास अप्राकृतिक मानिन्छ । गठबन्धनको बारेमा बहस गर्दा नेपालका दुई नेताहरूको स्थापित गर्नु भएको नारालाई बिर्सनु हुँदैन । पहिलो बीपी कोइरालाको राष्ट्रिय मेलमिलाप हो जुन परम्परागत शक्ति राजासँग गरिने एकता थियो भने दोस्रो पुष्पलालको संयुक्त जनआन्दोलन तानाशाही राजतन्त्रविरुद्ध थियो ।

गणतन्त्र स्थापना हुँदै हालसम्मको राजनैतिक अवरोहहरू अध्ययन गर्दा संयुक्त जनआन्दोलनको नारा स्थापित भएको मानिन्छ किनकि यस नाराले दुवै लोकतान्त्रिक र कम्युनिस्ट आन्दोलनलाई एकीकृत गर्दै लगेको छ । तानाशाही सत्ताविरुद्ध विगतमा गरेको संयुक्त आन्दोलनले गणतन्त्र स्थापना गर्न सफल भएको थियो । कांग्रेस नेतृत्व गठबन्धन बीपीको राष्ट्रिय मेलमिलाप नीतिको खिलापमा छ भने पुष्पलालको संयुक्त आन्दोलनको एजेन्डामा ओलीविरुद्ध गरेको गठबन्धन विगतका प्रतिगमन शक्तिहरूसँग दाँज्न केवल प्रचण्ड-नेपालको आत्मरति मात्र हो ।

### आवधिक निर्वाचनमा अप्राकृतिक गठबन्धनको अभ्यास

सरकार विशेषीकृत निकायको हो जुन सबै क्षेत्रका निकाय वा व्यक्तिहरूमा आफ्नो निर्णयहरू लागू गर्न सक्षम हुन्छ । एक लोकतान्त्रिक राजनीतिक संरचनामा सरकारले आफ्नो लक्ष्यलाई तीन सर्तहरूमा पछ्याउँछ: विपक्षी दलहरू अस्तित्व, आर्थिक तथा सामाजिक वातावरणको अनिश्चितता र निर्णय गर्ने मतदाताहरू । यही मान्यतामा लोकतान्त्रिक सर कार आवधिक रूपमा चुनावको माध्यमबाट छानिएको हुन्छ जसमा दुई वा दुईभन्दा बढी दलहरू सबै मतदाताका मतका लागि प्रतिस्पर्धा गर्छन् । बहुमत भएको पार्टी वा बहुमत संख्या भएको गठबन्धनले सरकारको नेतृत्व गर्ने र अन्य प्रतिपक्षमा हुने संसदीय परिपाटी हो ।

वि.सं. २०७४ को संघीय निर्वाचनमा नेकपा एमाले र एकीकृत माओवादी लगाएत अन्य केही वामपन्थीहरूको गठबन्धनको कारण नेपाली कांग्रेसले ठूलो हार व्यहोर्नु परेको थियो । तर वामपन्थी गठबन्धन तीन वर्ष पनि टिक्न सकेन परिणाम स्वरुप सरकार र प्रतिपक्षको नेतृत्व गर्ने राजनैतिक पार्टीहरू परिवर्तन हुन गए ।

(बाँकी पृष्ठ-३ मा....)

# टेलिभिजन प्रिमियर हुँदै 'प्रेमगीत ३'देखि 'भिँगेदाउ'सम्म




काठमाडौं/हलमा हेर्न छुटेका फिल्महरु युट्युबमा पर्खिने धेरै हुन्छन् । त्यसैले कुनै नेपाली फिल्म युट्युबमा रिलिज भयो भने आक्रामक भ्यूज पाउने गर्छन् । अब युट्युबभन्दा अगाडि टेलिभिजनमा नेपाली फिल्म हेर्न पाइने भएको छ । हालसालै प्रशारण सुरु भएको नेपाल नेटवर्क टेलिभिजनले दर्शकलाई आकर्षित गर्ने उद्देश्यसहित नेपाली फिल्म प्रशारण गर्ने भएको छ, त्यो पनि रुचाइएका फिल्महरु ।

डिएआर मुभिजको सहकार्यमा हरेक शुक्रबार राति ९ बजे नेपाल नेटवर्क टेलिभिजनमा फिल्म प्रशारण हुने टेलिभिजनका सिइओ दिनेश डिसीले जानकारी दिए । हिजो शुक्रबार अभिनेता दयाहाङ राई अभिनित फिल्म 'तान्द्रो' प्रशारण भएको थियो । आउँदो महिनाबाट भने हलमा रुचाइएका फिल्महरु 'चिसो मान्छे', 'ईन्टु मिन्टु लण्डनमा', 'प्रेमगीत ३' र 'भिँगेदाउ' क्रमश: रिलिज हुनेछन् ।

दीपेन्द्र के. खनालद्वारा निर्देशित 'चिसो मान्छे'ले राम्रो समीक्षा पाएको थियो भने रेनशा वान्तवा राई निर्देशित 'ईन्टु मिन्टु लण्डनमा' हिट फिल्म हो । त्यस्तै, छेतेन गुरुङ र सन्तोष सेन निर्देशित 'प्रेमगीत ३' र ज्ञानेन्द्र देउजा निर्देशित 'भिँगेदाउ' यस वर्षका सुपर हिट फिल्म हुन् । फिल्म हेर्नका लागि दर्शकले कुनै पनि शुल्क तिर्नु नपर्ने डिएआर मुभिजका निर्देशक श्याम धितालले जानकारी दिए ।

## '२ नम्बरी' निर्माता नेपालीले 'हात्तीछाप' बनाउने

काठमाडौं/'पोई पऱ्यो काले' र '२ नम्बरी' गरी दुई फिल्मबाटै किरण नेपालीले आफूलाई सफल निर्माताको रुपमा स्थापित गरि सकेका छन् । अब उनी नयाँ फिल्मको तयारीमा जुटेका छन् । 'पोई पऱ्यो बुढो' बनाउने भनेर कस्सिएका उनले तत्काललाई यो फिल्म थाती राख्दै 'हात्तीछाप' नाममा नयाँ फिल्म बनाउने निर्णय गरेका छन् । यसै वर्षको चैतबाट फिल्मको छायांकन सुरु गर्ने तयारीमा उनी छन् ।

फिल्ममा नाम चलेका कलाकार रहने नेपालीको भनाई छ । फिल्मलाई प्रदीप भारद्धाजले लेखेका हुन् । किरणले भने- 'फिल्मको कथा पढेपछि म प्रभावित भएँ । यसैले 'पोई पऱ्यो बुढो' लाई पोस्टपोन्ड गरेर पहिला यो फिल्म बनाउने निर्णय गरेका हुँ ।' रेड बर्ड प्रोडक्शनको प्रस्तुतिमा यो फिल्म निर्माण हुनेछ । 'हात्तीछाप' सामाजिक कथावस्तुमा निर्माण हुने निर्माता नेपालीले जानकारी दिए ।

फिल्मका लागि निर्देशक र कलाकार केही दिनमा फाइनल गरिने उनले बताए । 'हात्तीछाप'लाई सस्पेन्स, थ्रिलर र कमेडी जनरामा निर्माण गरिनेछ । किरणले आफ्ना दुई फिल्म 'पोई पऱ्यो काले' र '२ नम्बरी'को निर्माणमा कास्की प्रदेशका पूर्व युवा तथा खेलकुद मन्त्री राजिव गुरुङ (दीपक मनाङ्गे) सँग सहकार्य गरेका थिए । 'हात्तीछाप'मा पनि राजिव निर्माताको रुपमा जोडिन सक्नेछन् ।

## 'डेसान' ट्रेलरमा निशानको पछि नम्रता

काठमाडौं/यही मंसिर २३ गतेबाट प्रदर्शनमा आउन लागेको सामाजिक विषयवस्तुमा आधारित फिल्म 'डेसान'को ट्रेलर सार्वजनिक गरिएको छ । १ मिनेट ३९ मिनेट लम्बाईको ट्रेलरमा नारी संवेदना, अविश्वासले वैवाहिक जीवनमा उत्पन्न कलह, विवाहेत्तर सम्बन्ध लगायतको पक्षलाई देखाइएको छ । अभिनेत्री नम्रता सापकोटाको भूमिकाले दर्शकलाई फिल्मप्रति उत्सुकता र कौतुहलता जगाउन सक्छ ।

कमल एक्चे मगरद्वारा निर्देशित फिल्ममा नम्रतासँगै भोला सापकोटा, निशान चौहान, पुनम थापा, कविता आले, आरुषजंग सारु, मलिका बस्नेत, प्रमिशा सारु मगर लगायतको पनि अभिनय रहेको छ । कोरोना महामारीको त्रासदीपूर्ण समयमा छायांकन गरिएको फिल्मले दर्शकलाई नौलो स्वाद पस्कने निर्देशक मगरको दावी छ । कलाकारहरु पनि दर्शकलाई फिल्म मनपर्नेमा विश्वस्त छन् ।

पर्फमिङ आर्ट क्रियशनको ब्यानरमा कृशाला मगर कार्यकारी निर्माता रहेको यस फिल्ममा राजु काउचाको कथा लेखन, निर्देशक मगरको पटकथा तथा संवाद, चक्रबहादुर महर्जनको छायांकन, हरि लम्सालको संगीत, अजय स्याङतेनको कोरियोग्राफी, मिलन श्रेष्ठको सम्पादन छ । 'डेसान'लाई मोफसलमा एफडी कम्पनी र राजधानीभित्र जिजिए ग्रुप र रिच इन्टरटेन्मेन्टले वितरण गर्नेछ ।

# अप्राकृतिक गठबन्धनहरू....

नेपाली कांग्रेस र एकीकृत माओवादी केन्द्र लगायत अन्य तीन पार्टीहरूको सत्ता गठबन्धनले सिंगो एमालेविरुद्ध भएको मोर्चामा यो पछिल्लो निर्वाचनले सोचेअनुसार परिणाम दिन नसकेको देखिन्छ ।

स्थानीय निर्वाचनको परिणामले हौसिएको माओवादी संघीय निर्वाचनको प्रारम्भिक नतिजाबाट सत्ता गठबन्धनप्रति सशङ्कित हुन पुगेको छ किनकि कार्यकर्ताहरूमा आधारित एकीकृत माओवादी र नेकपा एसले एमालेको विरुद्ध इमानदार भएर जन आधारितमा बनेको नेपाली कांग्रेसलाई मत जाहेर गरे तर यो गठबन्धनलाई नेपाली कांग्रेसका कार्यकर्ताहरू भन्दा पनि शुभचिन्तकहरूले रुचाएको पाइएन । समग्रमा वर्तमान गठबन्धन अप्राकृतिक भएको प्रमाणित भएको छ ।

नेपालको संविधानले दुवै प्रत्यक्ष र समानुपातिक सिद्धान्तबाट निर्देशित निर्वाचन प्रणालीलाई अंगिकार गरेको छ । तुलनात्मक रुपमा प्रत्यक्षभन्दा समानुपातिक निर्वाचनमा पार्टीगत मत जान्छ । निर्वाचनमा कति प्रतिशत मत तल माथि हुन्छ वा स्विङ हुन्छ जसका कारण सम्भावित निर्वाचन परिणाम उलटपलट हुन्छ । निर्वाचनमा दुई वा दुईभन्दा बढी दलहरू गठबन्धन वा मोर्चा गर्दा कति मत स्विङ हुन्छ स्पष्ट भन्न गारो हुन्छ तापनि यस लेखमा समानुपातिकमा भन्दा प्रत्यक्षमा मत आउनु भनेको एउटा पार्टीको स्विङ भई गएको मतले अर्को पार्टीको उमेद्ववार निर्वाचित हुन सक्छ भन्ने मान्यतामा प्रत्यक्ष र समानुपातिक मतको अन्तरलाई स्विङ मत भनि परिभाषित गरिएको छ ।

दोश्रो संघीय तथा प्रदेशको अन्तिम नतिजा प्राप्त नभएको हुँदा वि.सं. २०७४ मा सम्पन्न प्रदेश तथा संघीय निर्वाचनको परिणामलाई आधार मान्दा नेपाली कांग्रेस र माओवादीले क्रमश: समानुपातिकमा ३२.७८% र १३.७६% र प्रत्यक्षमा क्रमश: ३५.७५% र १५.०४% पाएका थिए अर्थात नेकाले २.९७% र माओवादीले १.३८% मत पार्टीगत वाहेक अरुको समर्थन पाएको देखिन्छ । एमाले (२.५७%) र अन्य पार्टीहरू ( १.७८%) को जम्मा ४.३५% मतदाताहरूले सातवटै प्रदेशहरूमा नेपाली कांग्रेसको पक्षमा र छ प्रदेशहरूमा माओवादीले स्विङ मत पाएको तथ्याङ्कले देखाउछ ।

विगतमा देखिएको संसदीय विकृति यसपटक दोहोरिने स्पष्ट लक्षण देखिएको छ जसको निराकरणका लागि संविधानको पुनर्लेखन हुन जरुरी छ ।

विगतको स्विङ मतको अवस्थाको प्रदेशगत विवेचना गर्दा सबै भन्दा स्विङ हुने क्रमश गण्डकी (१४.१६%), वाग्मती (७.५०%), प्रदेश नं. १ (६.०५%), कर्णाली (५.४८%), मधेस (४.६३%), लुम्विनी (३.२३%) र सुदूरपश्चिम (२.३०%) हुन् । पछिल्लो प्रदेश र संघीय निर्वाचनमा एमालेको संस्थागत मत स्विङ भई वाम गठबन्धनको कारण बढी माओवादीमा गएको अनुमान गर्न सकिन्छ किनकी उदाहरणको लागि गण्डकीको एमालेको धेरै स्विङ मत नेपाली कांग्रेसले भन्दा माओवादीले प्राप्त गरेको कारण नेकाले चाहे अनुसारको सिट जित्न सकेन ।

समग्रमा वामपन्थि एकताको कारण एमाले र माओवादी दुवैको मत बढ्नाले दुईतिहाई उन्मुख सांसदहरू जिताउन सफल भएता पनि स्विङ मतको आधारमा हेर्दा एमालेलाई भन्दा माओवादीलाई फाइदा भएको थियो तर स्थानीय तथा संघीय निर्वाचन २०७९ मा नेपाली कांग्रेसलाई बढी फाईदा भएको पछिल्लो निर्वाचन परिणामले देखाउदै छ जस्मा बढी स्विङ मत सत्ता गठबन्धनमा गएको पाइन्छ भने एमाले लगाएत तराई मधेस केन्द्रित पार्टीहरू विभाजनको कारण यो ४.३५% स्विङ मतमा वृद्धि हुन गई पुराना पार्टीहरूको विकल्पमा सिद्धान्तविहीन युवा पुस्ताको नाममा जर्बजस्त उपस्थिति यस पटकको निर्वाचनको आकर्षण भएको छ ।

अर्को पार्टीहरूका सदस्यहरू भित्र्याएर वा अपवित्र गठबन्धनहरू बनाएर वा दुवै अभ्यासबाट सत्ता प्राप्त गर्न कोसिस गर्नु संसदीय पद्धतिभित्र गरिने खेलहरू हुन तर हाम्रो जस्तो अविकसित मुलुकमा यस्ता अभ्यासहरूले राजनैतिक पार्टीहरू असफल भएको पछिल्लो संघीय निर्वाचनसम्म आइपुग्दा स्पष्ट पारेको छ । समग्रमा भन्नुपर्दा विगतमा देखिएको संसदीय विकृति यसपटक दोहोरिने स्पष्ट लक्षण देखिएको छ जसको निराकरणका लागि संविधानको पुनर्लेखन हुन जरुरी छ ।

अन्त्यमा,

हरेक पार्टीका आफ्नै सिद्धान्त हुन्छ । उदाहरणका लागि नेपाली कांग्रेस र कम्युनिस्टहरूले स्थापनकालदेखि नै प्रजातान्त्रिक तथा लोकतान्त्रिक सिद्धान्त अंगिकार गरेको पाईन्छ । बीपीले कम्युनिस्टहरूसँगको अस्तित्व र एकतालाई सहज स्वीकार्नु भएको थिएन जसका कारण पञ्चायती शासनकालमा हिजोका माले र मसालेहरूले (हालका सत्ताधारी माओवादी, नेकपा एस र राष्ट्रिय जनमोर्चा तथा प्रतिपक्ष एमाले) बीपीलाई लेण्डुप दोर्जे र भारतीय दलाल भनि पंचायतको विरुद्धभन्दा बढी आलोचना गर्थे ।

बीपी संसदीय व्यवस्थाको पुन:स्थापनाका लागि सफल मानिनु भएन तर आफ्नो मान्यतामा अडिग हुनुभयो । राजनीतिमा सम्भावनाको खेल हुन्छ तर पनि केही सैद्धान्तिक सिमानाहरू हुनुपर्ने हो । उदाहरणका लागि, लोकतान्त्रिक पद्धतिमा विश्वास गर्ने घटकहरू न्यूनतम कार्यक्रमका साथ गठबन्धन बनाएमा सैद्धान्तिक हुन पनि सक्छ ।

अहिलेको सत्ता तथा प्रतिपक्ष गठबन्धनका सदस्यहरूको बीचमा कुनै सैद्धान्तिक निकटतापन छैन । प्रचण्ड-ओली विचको द्वन्द्वबाट पुन: माओवादीमा पुनर्संरचनामा जानुपर्दाको प्रचण्डको पीडा, संघीयता विरोधी राष्ट्रिय जनमोर्चाको अस्तित्वमा आएको संकट, हिजोका एमाले नेतृत्व पीडित उपेन्द्र यादव-अशोक राई, माओवादी नेतृत्व पीडित वाबुराम भट्टराई र समयले जबर्जस्त गैरकम्युनिस्ट बनेकाबाट बनेको कुनै सैद्धान्तिक धरातल नभएको क्षेत्रीय पार्टी र व्यक्तिगत टकरावमा एमालेबाट टुक्रिएको नेकपा एसको नेता माधवकुमार नेपाल यी सबैले एमालेको दम्भ शक्तिलाई विभाजित भएर तोड्न नसक्ने हुँदा इतिहासमा तीन पटक पूर्णकालीन सरकार सञ्चालन गर्न असफल नेपाली कांग्रेसको नेतृत्वमा गठबन्धन निर्माण गरिएको छ ।

माओवादी जनयुद्ध संसदीय व्यवस्थाविरुद्ध थियो र कैयौं नेपाली कांग्रेस र एमालेका कार्यकर्ताहरू उनीहरूबाट काटिएका थिए तर सत्ताको स्वार्थमा संघीय निर्वाचनमा कम्युनिस्ट मोर्चा रोक्न नेपाली कांग्रेस सफल भएको छ । त्यस्तै घर पोलेर खरानीको के खाँचो भनेझैं नेकपा बनाएर दुई तिहाइ उन्मुख सरकारको नेतृत्व गर्न मौका पाएका केपी ओलीले पार्टीभित्रको विवादलाई व्यवस्थापन गर्न नसकी सरकारबाट हात धुनु परेका पीडाले सीमित स्थानहरूमा भए पनि दक्षिणपन्थीसँग गठबन्धन गर्नुपर्ने बाध्यता देखियो । दुवै गठबन्धनहरू अप्राकृतिक हो भनी बुझ्न यिनै तथ्यहरू काफी छन् र यही विकल्पमा उदाएका सिद्धान्त विहीन स्वतन्त्र युवा पुस्ताहरूको परीक्षण पनि एकैसाथ हुँदै छ ।

*(साभार: ई-कागज)*

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*

*tonerhouse_htd@yahoo.com*

## विश्वकप-२०२२

# अमेरिका र इंग्ल्याण्ड बीचको खेल गोलरहित बराबरी



काठमाडौं/कतारमा जारी फिफा विश्वकप खेलमा अमेरिका र इंग्ल्याण्डबीचको खेल गोलरहित बराबरीमा सकिएको छ । निर्धारित ९० मिनेटको खेल निकै प्रतिस्पर्धात्मक रहे पनि दुवै टोलीले कुनै गोल गर्न सकेनन् ।

कतारको अल बायट रङ्गशालामा भएको खेल बराबरी भएसँगै दुवै टोलीले समान एक/एक अङ्क बाँडेका छन् । समूह बी मा रहेका दुवै टोलीले अन्तिम १६ मा पुग्ने सम्भावना भने कायम राखेका छन् ।

समूह बीमा इंग्ल्याण्ड र अमेरिकासँगै इरान र वेल्स रहेका छन् । समूहका हरेक टोलीले दुई/दुई वटा खेल खेलिसकेका छन् । अहिलेसम्म इंग्ल्याण्डले इरानलाई ६-२ ले पराजित र अमेरिकासँग गोलरहित बराबरी गरी ४ अङ्क बनाएको छ ।

त्यस्तै इरानले इंग्ल्याण्डसँग पराजय बेहोरे पनि वेल्सलाई २-० ले पराजित गरी ३ अङ्क बटुलेको छ भने अमेरिकाले वेल्ससँग १-१ तथा इंग्ल्याण्डसँग गोलरहित बराबरी गरी २ अङ्क बनाएको छ । वेल्स भने इरानसँग हार र अमेरिकासँग बराबर खेली १ अङ्क मात्र बनाएको छ ।

अब यही मङ्सिर १४ गते बुधबार इंग्ल्याण्ड र वेल्स तथा अमेरिका र इरानबीच हुने खेलले अन्तिम १६ मा पुग्ने दुई टोलीको निर्धारण हुनेछ । दुवै खेल एकै समय राति १२:४५ मा हुनेछ ।

## मेक्सिकोविरुद्ध अर्जेन्टिना विजयी



काठमाडौं/फिफा विश्वकपको समूह 'सी'अन्तर्गत शनिबार राति भएको खेलमा अर्जेन्टिनाले मेक्सिकोलाई २-० गोलको नतिजामा पराजित गरेको छ। लुसेल रंगशालामा जारी खेलको पहिलो हाफ गोलरहित बराबरीमा सकिएको थियो।

दोस्रो हाफमा आक्रामक शैली अपनाएको अर्जेन्टिनाका लागि ६४औं मिनेटमा कप्तान लियोनेल मेसीले गोल गर्दै अग्रता दिलाएका थिए। मेसीको गोलसँगै अग्रता लिएको अर्जेन्टिनाका लागि एन्जो फर्नान्डेजले ८७औं मिनेटमा दोस्रो गोल गरेका थिए।

पहिलो खेलमा साउदी अरबसँग अप्रत्यासित पराजयपछि अर्जेन्टिना जित्नै पर्ने दबाबमा थियो। यो जितसँगै अर्जेन्टिना नकआउट चरण नजिक पुगेको छ। शनिबार नै भएको अर्को खेलमा पोल्यान्डले साउदी अरबलाई २-० को नतिजामा पराजित गरेको थियो।

समूह चरणको अन्तिम खेलमा अर्जेन्टिनाले पोल्यान्ड तथा मेक्सिकोले साउदी अरबसँग खेल्ने छ।

## सन् २०१० पछि विश्वकपमा अस्ट्रेलियाको पहिलो जीत



काठमाडौं/अस्ट्रेलियाले ट्युनिसियाविरुद्ध संघर्षपूर्ण जीत हासिल गरेको छ । समूह डी अन्तरगतको खेलमा मिचेल ड्युकको निर्णायक गोलको मद्दतमा अस्ट्रेलिया विजयी बनेको हो । उनले खेलको २३ औं मिनेटमा गोल गरेका थिए ।

योसँगै विश्वकपमा हेडर मार्फत गोल गर्ने ड्युक दोस्रो खेलाडी खेलाडी बनेका छन् । यसअघि टिम केहिलले सन् २०१० र २०१४ मा हेडरमार्फत गोल गरेका थिए ।

विश्वकपमा सन् २०१० पछि अस्ट्रेलियाको यो पहिलो जीत पनि हो । समूह डी मा अस्ट्रेलिया पहिलो खेलमा फ्रान्ससँग पराजित भएको थियो । ट्युनिसियाले भने डेनमार्कसँग बराबरी खेलेको थियो । अस्ट्रेलियाले नकआउट चरणमा प्रवेश गर्ने सम्भावना पनि जीवित राखेको छ ।

## साउदी अरेबिया पोल्याण्डसँग पराजित



काठमाडौं/पोल्यान्डले विश्वकप फुटबलको आफ्नो दोस्रो खेलमा साउदी अरेबियामाथि सहज जित निकालेको छ । शनिबार भएको खेलमा पोल्याण्डले साउदी अरेबियालाई २-० गोल अन्तरले हराएको हो ।

एजुकेसन स्टेडियममा खेलको ३९ औं मिनेटमा रोबोर्टो लेवान्डोस्कीको गोलमा जेलिन्स्कीले गोल गर्दै पोल्यान्डलाई अग्रता दिलाएका हुन् । खेलको ४४ औं मिनेटमा साउदी अरेबियाले पेनाल्टी पाएको थियो । तर पोल्यान्डका गोल रक्षकले जोगाए ।

खेलको ८२ औं लेवान्डोस्कीले गोल गर्दै पोल्यान्डलाई २-० गोलको जित दिलाए । जितसँगै पोल्यान्डले २ खेलबाट ४ अक जोडेको छ ।

यता साउदी अरेबियाको ३ अंक छ । यसअघि साउदी अरेबियाले अर्जेन्टिनालाई हराएको थियो ।

## एम्बाप्पे चम्कँदा फ्रान्सको जित



काठमाडौं/केलियन एम्बाप्पे नायक बन्दा विश्वकप फुटबलको दोस्रो खेलमा फ्रान्सले सहज जित निकालेको छ । शनिबार राति भएको खेलमा फ्रान्सले डेनमार्कमाथि २-१ गोल अन्तरको जित निकालेको हो ।

स्टेडियम ९७४ मा भएको खेलमा फ्रान्सलाई जित दिलाउन केलियन एम्बाप्पेले दुई गोल गरे । खेलमा अग्रता भने फ्रान्सले लिएको थियो । फ्रान्सका लागि खेलको ६१ औं मिनेटमा एम्बाप्पेले गोल गर्दै टिमलाई अग्रता दिलाए ।

खेलको ६८ औं मिनेटमा आन्द्रेस क्रिस्टेसनले गोल गर्दै टिमलाई बराबरीमा ल्याए । खेलको ८६ औं मिनेटमा एम्बाप्पेले गोल गर्दै टिमलाई २-१ गोलको जित दिलाए ।

जितसँगै फ्रान्सले दुई खेलबाट ६ अंक जोडेको छ । फ्रान्स समूह डी को अंक तालिकाको शीर्ष स्थानमा छ । डेनमार्क भने दुई खेलबाट १ अंक जोडेर तालिकाको तेस्रो स्थानमा छ ।

**"तपाई हामी सबैको कुरा"**

साझाकुरा

कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।

**हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।**



वेवसाइडमा: ***www.sajhakuranews.com***

सर्च गर्न नभुल्नुहोला ।

साझाकुरा वेवसाइटमा सजिलै पढ्न सकिने छ ।

# एमालेमाथि निरन्तर गालीगलौजले खतिवडालाई कति घाटा ?

साझाकुरा संवाददाता

हेटौंडा, १० मंसिर/ पूर्वस्वास्थ्य मन्त्री विरोध खतिवडाको ३१ वर्षे चुनावी प्रतिस्पर्धामा पूर्ण बिराम लागेको छ । आफ्नै चेला महेश बर्तौलासँग मकवानपुरको प्रतिनिधिसभा क्षेत्र नम्बर २ बाट चुनाव लड्दा उनी ४ हजार ५ सय २० मतान्तरले पराजित भए ।

एमालेमा रहँदा उठेकामध्ये सबै निर्वाचन जित्ने इतिहास बनाएका खतिवडालाई एमाले छोडेपछिको पहिलो प्रतिस्पर्धामै बज्रपात आइलाग्यो । जिवनभर संघर्ष गरेको र यही पार्टीका कारण एउटा इतिहास नै बनाएका खतिवडाले नेकपा एमाले छोडेर एकीकृत समाजवादी रोजेका थिए । गुटको राजनीतिले थलथल परेको एमालेमा रहँदा पनि माधव नेपाल पक्षमा रहेका उनले कहिल्यै गुट फेरेनन् । जिल्लामा पनि एमालेभित्र माधव नेपाल गुटको नेतृत्व उनले गरेका थिए । खतिवडा भएकै कारण एमाले मकवानपुरमा नेपाल समूहको राम्रो पकड थियो ।

केपी शर्मा ओली एमालेको नेतृत्वमा आइसकेपछि पनि खतिवडाले जिल्लाको नेतृत्वमा आफ्नो समूहलाई निर्णायक भूमिकामा राख्न सकेका थिए । पछिल्लो पार्टी जिल्लाको अधिवेशनमा मुनु सिग्देलले ओली पक्षका उम्मेदवारलाइ हराएकी थिइन् । पदाधिकारीमा पनि खतिवडा समूहकै वर्चश्व थियो । खतिवडा यति प्रभावशाली थिए की, २०७४ को स्थानीय तह निर्वाचनमा जिल्लाका १० वटा स्थानीय तहमा जितेकोभध्ये उनको समूहका ४ जनाले प्रमुख, ३ जनाले उपप्रमुख जितेका थिए ।



अर्थात, मकवानपुरबाट प्रतिनिधित्व गरी केन्द्रीय राजनीति गर्दै आएका नेतामध्ये खतिवडा प्रभावशाली थिए । २०४८ सालदेखि संसदीय निर्वाचन जित्दै आएका खतिवडाका गाउँगाउँमा आफूले भनेको कार्यकर्ता छन् ।

जिल्लाका अधिकांश क्षेत्रमा उनी समूहका प्रभावशाली स्थानीयदेखि क्षेत्रीय नेताहरु पनि छन् । एमाले छोडेर जाँदा पनि खतिवडाको प्रशंसा गर्ने एमालेकै स्थानीय नेताहरु अझै भेटिन्छन् । केन्द्रमा राजनीति गरिरहेका नेताहरुको कार्यकर्ता तहसम्म सम्बन्ध नबनाएको आरोप धेरै नेताहरुले खेप्दै आएका छन् । तर, खतिवडा यस आरोपबाट अलि टाढै थिए । केन्द्रीय राजनीतिमा सक्रिय भए पनि खतिवडा कार्यकर्ता तहसम्म पुगेर नजिकको सम्बन्ध बनाइराख्थे । कार्यकर्तालाई चाँडै नजिक बनाइहाल्ने खुबी उनमा थियो । कुराकानीबाट हरेकलाई प्रभाव बनाउने उनको व्यवहार थियो । काठमाडौंबाट गृहजिल्ला आउँदा घरमा नेता कार्यकर्तासँग नियमित भेटघाट र बेलाबखत गाउँपनि पुगिरहन्थे । जस कारण उनलाई अन्य नेतालाई लाग्ने गरेको 'चुनाव जितेपछि गाउँ नफर्कने' आरोप थिएन् ।

तर, खतिवडाले एमालेका पुराना नेता र कार्यकर्तासँगको विगतको सम्बन्धमा निर्वाचनमा फाइदा लिन नसकेको देखिएको छ । खतिवडाले गठबन्धनप्रति पूर्ण विश्वास गर्नु र एमालेकै पुराना नेता र कार्यकर्तासँगको सम्बन्धलाई फाइदामा लिन नसक्नुले उनलाई पराजयको यात्रामा लगेको विश्लेषण हुन थालेको छ । उनले निर्वाचनमा एमालेका कार्यकर्तालाई खुशी बनाएर मत तान्नुपर्नेतर्फ ध्यान नदिएको देखिएको छ । तर, खतिवडाले एमालेका कार्यकर्ताको मत तान्न तिर नभई चिड्याउनतिर लागेकाले उनलाई जित निकाल्न सहज नभएको विश्लेषण भएको हो । पार्टी विभाजनसँगै नेकपा (एकीकृत समाजवादी)मा पुगेकाले उनको जिल्लामा राजनीतिक शक्ति घटेको थियो ।

जिल्लामा आफ्नै पार्टीभित्र निरन्तर क्षयीकरण भइरहँदा प्रतिनिधिसभा र प्रदेशसभा सदस्यको निर्वाचन आयो । जिल्लाको क्षेत्र नम्बर २ बाट खतिवडा गठबन्धनका साझा उम्मेदवारका रुपमा अगाडि आए । प्रभावशाली खतिवडासँग एमालेले पनि विद्यार्थी राजनीतिबाट उदाएका महेशकुमार बर्तौलालाई उम्मेदवार बनाएको थियो । निर्वाचन नजिकिएसँगै खतिवडा र बर्तौलो आ-आफ्नो चुनावी अभियानलाई तीव्रता दिएका थिए । चुनावी सभामा उम्मेदवारहरुले आफ्ना विकास एजेण्डाका बारेमा मतदाताहरुलाई प्रष्ट पार्ने गर्दछन् ।

तर, खतिवडा हरेक चुनावी सभामा विकास एजेण्डा थोरै, एमालेप्रति आक्रामक गालीगलोजमा धेरै उत्रिए । उनले एमाले अध्यक्ष केपी शर्मा ओलीलाई गाली गर्नेदेखि एमालेका कार्यकर्तालाई बाँदरसम्म भन्न भ्याए । चार पटक एमालेबाटै संसद जितेका खतिवडाले मनहरी गाउँपालिकामा भएको चुनावी सभामा एमालेका कार्यकर्तालाई बाँदर भनेको भन्दै धेरैले आलोचना गरे । हात्तिको डर रहेको मनहरीस्थित मध्यवर्ती क्षेत्रमा तारबार लगाएपछि बँदेलको मासु खान नपाइने चिन्ता गरेको भिडियोदेखि एमालेका कार्यकर्तालाई बाँदर भनेको भिडियो भाइरल नै भएको थियो । खतिवडाले आफूलाई हराउन एमाले अध्यक्ष ओलीले १० करोड पठाएकोदेखि आफूलाई जिताउन एमालेकै वडा अध्यक्षहरु लागेको भन्दै अप्रमाणित आरोपहरु पनि चुनावी सभामा गरे ।

एमालेले कमल थापालाई १० करोडमा टिकट बेचेकोसमेत आरोप लगाए । उनी त्यतिमै रोकिएनन् एमालेलाई देशबाट पत्तासाफ गराउनेसम्म भन्न भ्याए । मनहरीका एमाले नेता जयराम अर्यालले एमालेलाई गालीगलौज गरेकै कारण खतिवडाले निर्वाचन हारेको बताउँछन् । यतिका वर्षदेखि एमालेमै राजनीति गरेर सोही पार्टी र कार्यकर्तालाई गाली गरेपछि उनलाई गठबन्धनका कार्यकर्ता र समर्थकले पनि नपत्याएको उनले बताए । 'पार्टीलाई गाली त गर्नु भएकै हो उहाँले । कार्यकर्तालाई पनि बाँदर भन्न थालेपछि उहाँप्रति सहानुभूति राख्नेले कस्तो साच्यो होला ? अनि कसरी जितिन्छ चुनाव,' अर्यालले भने ।

गठबन्धनले आफूलाई शतप्रतिशत भोट नदिने विश्लेषण गर्न नसकेको भन्दै खतिवडाले एमालेका कार्यकर्तालाई गाली गरेकै कारण चुनाव हारेको उनले ठोकुवा गरे । 'हिजो भोट हाल्ने हजारौंको चित्त दुखाउनु भो आखिर कांग्रेसले पुरै भोट हाल्दैन भन्ने कुरा अनुमान गर्नु भएन,' उनले भनेका छन् । निर्वाचनमा क्षेत्र नम्बर १ बाट एकीकृत समाजवादीको २ हजार ५ सयको हाराहारीमा मात्रै समानुपातिकमा भोट आएको थियो । जसकारण खतिवडालाई जितका लागि गठबन्धनको भर थियो । तर, गठबन्धनबाट पूर्ण रुपमा मत नआएपछि खतिवडा असफल भएका हुन् ।

खतिवडालाई सामाजिक सञ्जालमा पनि उनको आलोचना र सुझाव दिनेहरुले एमालेलाई गालीगलौज गरेको प्रशंग कोट्याएका छन् । खतिवडाले आफ्नो फेसबुकमा परिवर्तन गरेको 'प्रोफाइल पिक्चर'मा निराजन खतिवडाले लेखेका छन्, 'काका ठिक्क बोल्नु है भनेर सुझाव दिएको मान्नु भएन.....अब हजुरको विरासत महेश बर्तौलाले धान्नुहुन्छ,' 'एमाले प्रति जुन किसिमको आक्रमण र निन्दा गर्नु भयो त्यहि नै हार र अन्त्यको कारक भयो,' रविन्द्र कार्कीले भने । जयराम विडारीले सौताको रिशले पोइको काखमा फोहर पार्ने भन्ने नेपाली उखान प्रमाणित भएको भन्दै व्यंग्य गरे । केशवराज गजुरेलले तुच्छ अभिव्यक्तिका कारण हार भएको लेखेका छन् । उनीहरुको भनाईबाट खतिवडाले एमालेका कार्यकर्तालाई गाली नभई, माया गरेर भोट तान्ने रणनीति नबनाएका कारण हार भएको बुझिन्छ ।

# आगामी वैशाख १ गतेबाट पञ्चवर्षिय विराट महायज्ञ हुने

साझाकुरा संवाददाता

हेटौंडा, १० मंसिर/ पञ्चवर्षिय विराट महायज्ञ आगामी २०८० सालको वैशाख १ गतेबाट हुने भएको छ ।

हरेका ५ वर्षमा हुँदै आएको पञ्चवर्षीय विराट महायज्ञ आगामी २०८० सालको वैशाख १ गतेबाट ७ गतेसम्म हेटौंडा-१० स्थित गोरक्षश्वर धाममा सञ्चालन हुने भएको हो ।

शनिबार हेटौंडामा महायज्ञ आयोजना सम्बन्धमा आयोजित छलफलबाट मुल आयोजक समारोह समिति समेत गठन गरिएको छ । मुलसमारोह समितिको संयोजकमा महायज्ञका संरक्षक उद्योगपति समाजसेवी अजेयराज सुमार्गीलाई चयन गरिएको छ ।

गोरक्षश्वर क्षेत्र विकास समिति तथा महायज्ञका संरक्षक अजयराज सुमार्गीले आगामी महायज्ञमा सवा पाँच करोड दीप प्रज्वलन गरिने बताउनुभयो । उहाँले पाँच वर्षअघि सवा एक करोड दीप प्रज्वलन गरिएको त्यसलाई बढाएर सवा पाँच करोड दीप प्रज्वलन गरिने बताए ।

विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गुरुहरुको उपस्थितीमा आयोजना हुने महायज्ञमा भागवतको दार्शनिक पाटोको व्याख्या गरिने उनको भनाई छ । महायज्ञमा १५ हजार धोती, १० हजार सारी र २५ हजार चप्पल समेत वितरण गरिने उनले जनाए ।

महायज्ञमा संकलन भएको पैसा गोरक्षश्वरको विकास तथा मकवानपुरको धार्मिक र पर्यटकिय विकासमा खर्च हुने सुमार्गीले बताए । उनले महायज्ञले बिश्वसामु छुट्टै पहिचान बनाउन सफल हुने भन्दै सबै मकवानपुर बासीहरुले सकेको तन, मन, धन लगाउन आग्रह समेत गरे । महायज्ञमा धार्मिक प्रवचन सँगै विभिन्न झाकिहरु प्रस्तुत हुने बताइएको छ ।

कार्यक्रममा गोरक्षश्वर क्षेत्र विकास समितिका अध्यक्ष उत्तम शर्मा ढकाल, मकवानपुर उद्योग वाणिज्य संघका अध्यक्ष कृष्णकुमार गुप्ता अग्रवाल,पुर्व अध्यक्ष कृष्ण कटुवाल, थाहा नगरपालिकाका पुर्व मेयर लवसेर विष्ट, बिन्दा वासिनी मिडिया प्रालिको अध्यक्ष अस्मिता सुमार्गी, पत्रकार महासंघ मकवानपुरका अध्यक्ष मणिराज गौतमलगायत विभिन्न धार्मिक संघ संस्थाको प्रतिनिधिहरुको उपस्थिती रहेको थियो ।

हेटौंडामा २०६० साल देखि हरेक पाँच वर्षमा आयोजना हुदै आएको महायज्ञ सुमार्गीकै मुल संयोजकत्वमा आयोजना हुदै आएको थियो । भेलाले अन्य विभिन्न समितिहरु चयनका लागी तयारी तीव्र रुपमा कार्यहरु अगाडी बढाउने बताईएको छ ।


## ट्राफिक नियमको पालना गरौं

- बाटो काट्दा जेब्रा क्रसिंगको प्रयोग गरौं,
- सडक बत्ति हेरेर मात्र बाटो काटौं,
- सडक तथा सडक किनारामा जथाभावी सवारी साधन पार्किङ्ग नगरौं,
- तोकिएको स्थानमा मात्र सवारी साधन पार्किङ्ग गरौं,
- पैदलयात्रीले फुटपाथ तथा आकासे पुलको प्रयोग गरौं।

सडक दुर्घटनाबाट आफू पनि बचौं,
अरुलाई पनि बचाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड


# वाइसीएल मकवानपुरद्वारा मतगणना स्थल सरसफाई

साझाकुरा संवाददाता

हेटौंडा, १० मंसिर/ प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनको मतगणना स्थल हेटौंडा-२, स्थित सिदार्थ माध्यमिक विद्यालयमामा योङ कम्युनिष्ट लिग (वाइसीएल)मकवानपुरले सरसफाई गरेको छ ।

करिब पाँच दिनसम्म चलेको मतगणनाको क्रममा विद्यालय परिसरभित्र भएको फोहोरको व्यवस्थापनमा नेकपा माओवादी केन्द्र निकट वाइसीएल मकवानपुर लागेको हो ।

वाइसीएल मकवानपुरको अगुवाईमा हेटौंडाको मतगणना स्थल सिद्धार्थ उच्चमावि परिसरमा शनिबार सरसफाई गरिएको हो । मतगणना स्थलमा गणनाका क्रममा फोहोर हुन पुगेकाले सरसफाई गरिएको सरसफाईमै सहभागी माओवादी केन्द्र मकवानपुरका अध्यक्ष सर्केस घलान (मधु)ले बताए ।

यस्तै, विद्यालय जस्तो सधैं सफा हुनुपर्ने स्थानमा फोहोर हुन पुगेकोले विद्यालयको कक्षा सञ्चालनमा आउनुअघि नै सफाई गरिएको वाईसीएल मकवानपुरका अध्यक्ष लवराज ठकुरी बताउँछन् । सरसफाईमा पार्टी तथा वाइसीएल मकवानपुरका पदाधिकारीसहित सदस्यहरुको सहभागिता रहेको थियो ।


## HETAUDA CITY HOSPITAL PVT.LTD.

*Hetauda-1, Sub-metropolitan*

***Phone: 057-520315***

## VACANCY ANNOUNCEMENT

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|
| Staff Nurse | Few | Negotiable | PCL/NHPC registered |
| CMA/ANM | Few | Negotiable | TSLC |
| Receptionist | Few | Negotiable | +2 completed |

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.



नि:शुल्क सीप सिकौं आत्मनिर्भर बनौं

बागमती प्रदेश सरकार
**श्रम, रोजगार तथा यातायात मन्त्रालय**
**व्यावसायिक तथा सीप विकास तालिम केन्द्र**
हेटौंडा, नेपाल
फोन नं. ०५७-४१२७१६, ०५७-१२७२४

## दरखास्त आह्वानसम्बन्धी सूचना

*(प्रथम पटक प्रकाशित मिति २०७२/०८/०९ गते ।*

बागमती प्रदेश सरकार सामाजिक विकास मन्त्रालय, हेटौंडाको आ.ब. २०७९/०८० बार्षिक कार्यक्रम अनुसार व्यावसायिक तथा सीप विकास तालिम केन्द्र, हेटौंडाले आयोजनामा संचालन गर्न लागेको अपाङ्गता भएका, महिला श्रमिक, लैङ्गिक हिंसापिडित, विपन्न, दलित, सिमान्तकृत एकल महिलाहरुको लागी १० दिने कफि मेकर (बारिष्टा) तालिम कार्यक्रम यहि २०७९ मंसिर २० गते देखी सञ्चालन हुन लागेको हुदा इच्छुक तथा देहाय अनुसारको योग्यता पुगेका युवाहरुले यो सूचना प्रकाशन भएको मितिले १० दिन भित्र आवेदन दिनु हुन सम्बन्धित सबैको लागी यो सुचना प्रकाशन गरिएको छ ।

**तपशिल:**

- शैक्षिक योग्यता:- एस. ई. ई. उतिर्ण हुनु पर्ने छ ।
- उमेर :- १६ वर्ष पुरा भइ ४० वर्ष ननाघेको ।
- संलग्न हुन पर्ने कागजातहरु:- शैक्षिक योग्यताको प्रतिलिपि, नेपाली नागरिकताको प्रतिलिपि ।
- प्रथम पटक सूचना प्रकाशन मिति :- २०७९/०८/०९ गते
- आवेदन पाइने/पेश गर्नु पर्ने स्थान: तालिम केन्द्र, हेटौंडा-८, कमाने
- आवेदन पेश गर्ने अन्तिम मिति :- २०७९/०८/१८ गते
- अन्तवार्ता मिति: मिति:- २०७९/०८/१९ गते,
- तालिम संचालन गर्ने स्थान: हेटौंडा उ.म.न.पा. भित्र



## हेटौंडा उपमहानगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**
**हेटौंडा, मकवानपुर**
बागमती प्रदेश, नेपाल

### अनुदानना कृषि कार्यक्रमसम्बन्धी सूचना

*पहिलो पटक सूचना प्रकाशित मिति २०७९।०८।११*

हेटौडा उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय कृषि विकास शाखाको आ व २०७९/८० को बार्षिक स्वीकृत कार्यक्रम अनुसार उपमहानगरपालिका क्षेत्र भित्रका कृषि उद्यमी, कृषि समुह, कृषि फर्म,कृषि सहकारी संस्थाहरुको लागी तपशिल अनुसारका कार्यक्रममा अनुदान उपलब्ध गराउने भएकाले कुनै एक कार्यक्रममा मात्र तोकिएको शर्तहरुको अधिनमा रहि प्रथम पटक सूचना प्रकाशन भएको मितिले ३० दिनभित्र उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय कृषि विकास शाखामा आवेदन दर्ता गराउन हुन यो सूचना प्रकाशित गरिएको छ ।

| क सं | कार्यक्रम शि. नं. | कार्यक्रमको नाम | स्वीकृत रकम | प्रति आवेदक अनुदान रकम | स्वलगानी न्यूनतम रकम रु. |
|---|---|---|---|---|---|
| १ | १६ | नमुना वडा कृषि उत्पादन कार्यक्रम | ५,००,०००। | | ३०% |
| २ | १४ | कृषिमा महिला प्रोत्साहन कार्यक्रम | १०,००,०००। | बढिमा १लाख | ३०% |
| ३ | १० | कृषि फार्म प्रवर्धन कार्यक्रम | ५,००,०००। | १,००,०००। | ३०% |
| ४ | १७ | कृषि बाली विकास तथा संरक्षण प्लाष्टिक पोखरी लगायत | २,००,०००। | ५०,०००। | ३०% |
| ५ | ३० | कृषि इन्जिनिरिंग प्रवर्धन कार्यक्रम | २०,००,०००। | यन्त्र उपकरणको आधारमा | ५०% |
| ६ | २९ | कृषि सिँचाई कार्यक्रम | ४०,००,०००। | आवश्यकता अनुसार | ३०% |
| ७ | ३४ | टनेल हाउस-प्लाष्टिक घर कार्यक्रम | १५,००,०००। | ७०,०००।०० | ३०% |
| ८ | २१ र २२ | युवा लक्षित कृषि विकास कार्यक्रम | २५,००,०००। | आवश्यकता अनुसार | ३०% |

**निवेदन साथ आवश्यक कागजातहरु**

१. नागरिगता प्रमाण पत्रको प्रतिलिपि थान- १
२. सम्बन्धित वडाको सिफरिस थान- १
३. समुह. सहकारी उद्यमी.फार्मको हकमा नविकरण सहितको प्रमाण पत्र प्रतिलिपि थान- १
४. कार्यक्रम माग गर्ने संस्थाको बैठकको प्रतिलिपि थान-१
५. विगत ३ बर्षमा यस कार्यालयवाट सम्बन्धित शिर्षकमा अनुदान नलिएको हुनुपर्ने र आवेदन एक प्रस्तावकले कुनै एक कार्यक्रममा मात्र गर्नुपर्ने छ ।

**नोट:** माथीको सवै प्रकृया पुरा गरी निवेदन सम्बन्धित वडाको पशु सेवा केन्द्रमा र वडा नं. २, ४, ५ र १० को आवेदकहरुले सम्वन्धित वडा कार्यालयमा तोकिएको मिति भित्र दर्ता गर्नु पर्नेछ ।
थप जानकारीको लागि कृषि तथा पशु सेवा शाखा हेटौडा उपमहानगरपालिका कार्यालयको ०५७५९०१०२, ९८५५०६८३९३, ९८२६४०४२३८ मा सम्पर्कको लागि अनुरोध छ ।








## थप सुविधाका साथ हाम्रा सेवाहरु

विगत एक दशकभन्दा लामो समयदेखि निरन्तर बिरामीहरुको सेवामा समर्पित यस **अस्पताल**मा बिशिष्ट विशेषज्ञ डाक्टरहरुको समूहद्वारा सबै किसिमको रोगहरुको उपचार गर्ने उद्देश्यका साथ दैनिक उपचार जांच भइरहेको जानकारी गराउंदछौं ।

**कार्यरत विशेषज्ञ डाक्टरहरु :**

- हाडजोर्नि तथा नशा रोग विशेषज्ञ डा.बसन्तमान श्रेष्ठ तथा डा.आभाष तिवारी
- जनरल फिजिसियन तथा मृगौला रोग विशेषज्ञ डा. दिनेश्वरी श्रेष्ठ
- नाक, कान, घांटी रोग विशेषज्ञ डा.अनुप सञ्जेल र डा.इन्द्रलाम ढुंगाना
- जनरल सर्जन डा.साजिद अन्सारी तथा डा.सरोज प्रधान
- छाला रोग विशेषज्ञ तथा यौनरोग डा.प्रमोद चौरसीया
- रेडियोलोजिष्ट डा.गेहेन्द्र भुसाल
- एनेस्थेसिया डा.सुवास लामिछाने
- दन्तरोग विशेषज्ञ डा.रञ्जना शाह
- फिजियोथेरापिस्ट डा.रवि गुरुङद्वारा दैनिक उपचार तथा जांच हुनेछ ।

साथै हामी कहा OPD सेवा, बिरामी भर्ना सेवा अत्याधुनिक मेशिनद्वारा अपरेशन, प्लाष्टर सेवा २४ सै घण्टा अत्याधुनिक मेशिनद्वारा रगत, दिसा, पिसाबको जांच सेवा एक्स-रे सेवा, भिडियो एक्सरे सि.टि.स्क्यान सेवा फार्मेसी सेवाहरु उपलब्ध छ ।

**हेटौंडा मोडेल अस्पताल**

हेटौंडा-१ स्वर्गद्वारी मन्दिरचोक, जरुवा टोल, हेटौंडा ।
मो.नं. ९७४५३२१६४८ फोन नं.: ०५७-५२२७५६







साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना